# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३ (संख्या ३) बैषाख २० गते २०७७ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-१

## ऐतिहासिक मठ मन्दिर निर्माण तथा संरक्षण ऐन, २०७६

**पस्तावना,**

चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक पार्क, मठ, मन्दिर, मस्जित, चैत्य, गुम्वा तथा अन्य ऐतिहासिक पुरातात्विक साँस्कृतिक सम्पदाहरुको निर्माण, पुनःनिर्माण, मर्मत सम्भार गरी नगरपालिकाको आन्तरिक आम्दानीको श्रोत बृद्धि गर्न तथा बातावरणीय स्वच्छता स्थापना गर्न, धार्मिक पयपर्याटन बृद्धि गर्न, सामाजिक तथा धार्मिक एकता कायम राखी समृद्ध समाज निर्माण गर्न ऐतिहासिक महत्वका धार्मिक मठ मन्दिरहरुको संरक्षण र सम्बर्द्धन गर्न बाञ्छनीय भएकाले,

चामुण्डा विन्द्रासैनी नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो ऐन बनाई लागु गरेको छ।

### परिच्छेद - १

### प्रारम्भिकी

**१. संक्षिप्त नाम, प्रारम्भ र क्षेत्र** : (१) यस ऐनको नाम "ऐतिहासिक मठमन्दिर निर्माण तथा संरक्षण ऐन, २०७६" रहेको छ।

(२) यो ऐन नगरसभावाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट प्रारम्भ हुनेछ।

(३) यो ऐन चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभर लागु हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "अभिलेख" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका भित्र रहेका पुरान ऐतिहासिक सम्पदा तथा नयाँ निर्माण हुने सम्पदाहरुको पूर्ण जानकारी दिने गरी तयार पारिएको अभिलेख सम्झनु पर्दछ।

ख) "इतिहास" भन्नाले एतिहासिक तथा धार्मिक सम्पदाहरुको बारेमा प्राचिन जानकारी बोकेको विषयवस्तु लाई सम्झनु पर्दछ।

ग) "ऐन" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको एतिहासिक मठमन्दिर निर्माण तथा संरक्षण ऐन सम्झनु पर्दछ।

घ) "कार्यपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरकार्यपालिका सम्झनु पर्दछ।





ङ) "नगरपालिका" भन्नाले चामुण्डाविन्द्रासैन नगरपालिकालाई सम्झनु पर्दछ।

च) "प्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

छ) "उपप्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्दछ।

### परिच्छेद - २

### एतिहासिक मठ मन्दिर निर्माण तथा संरक्षण सम्बन्धी व्यवस्था

**३. नयाँ मठमन्दिरका भौतिक संरचना निर्माण गर्न सक्ने** : (१) नगरपालिका क्षेत्र भित्र कुनै धार्मिक सम्प्रदाय सँग सम्बन्धित धार्मिक मठ मन्दिरहरु जिर्ण भई लोप हुने अवस्थामा रहेकोमा त्यस्ता मठ मन्दिरहरुको नयाँ भौतिक संरचनाहरुको निर्माण सम्बन्धी कार्य नगरपालिकाले गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका ऐतिहासिक मठ मन्दिर सँग सम्बन्धित नयाँ भौतिक संरचनाहरु निर्माण गर्नु पर्ने भएमा सम्बन्धित समुदायवाट आवश्यक मापदण्ड पुरा गरेको प्रमाण सहित प्रस्तावना माग गर्नु पर्नेछ र नगरपालिकाले आवश्यक अध्यायन गरी लोप हुन लागेको भन्ने लागेमा नगरपालिकाले त्यस्तो संरचना निर्माणको लागि पहल गर्नु पर्नेछ।

(३) माथि उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि नगरपालिकामा रहेका पुराना ऐतिहासिक महत्व बोकेका सम्पदाहरुलाई सोही रुपमा जिणोद्धार गर्ने कार्य बाहेक पुर्ववत अवस्थाको रुपनै विगारी नयाँ संरचना निर्माण गर्न पाईने छैन।

**४. एतिहासिक पुराना मठमन्दिरहरुको संरक्षण तथा मर्मत सम्भार** : (१)नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न धार्मिक समुदायहरुसँग सम्बन्धित ऐतिहासिक पुराना मठमन्दिर,चैत्य, गुम्वा, मस्जिद आदी सम्पदाको संरक्षण तथा मर्मत सम्भार सम्बन्धित समुदायको सहयोगमा नगरपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिम ऐतिहासिक मठमन्दिर तथा अन्य सम्पदाहरुको संरक्षण तथा मर्मत सम्भारको लागि तोकिएको मापदण्ड पुरा गरी सम्बन्धित समुदायले नगरपालिकामा प्रस्तावना पेश गर्नु पर्नेछ।

**५. अतिक्रमण गर्न नहुने** : (१) नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक सम्पदाहरुको नाममा रहेको चल अचल सम्पति कुनै पनि कारणले कोही कसैले अतिक्रमण गर्न गराउन पाईने छैन।

(२) उपदफा (१) बमोजिम कोही कसैले ऐतिहासिक सम्पदाहरुको नाममा रहेको चल अचल सम्पति अतिक्रमण गरेमा त्यस्तो अतिक्रमण गरिएको सम्पति नगरपालिकाले यस ऐन तथा प्रचलित कानून बमोजिम फिर्ता गराउन सक्नेछ र कसैले यस ऐनको तथा प्रचलित कानूनको अवहेलना गरेमा नगरपालिकाले बल प्रयोग गरी त्यस्तो अतिक्रमित सम्पति फिर्ता गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले ऐतिहासिक सम्पदाहरुको नाममा रहेको सम्पति फिर्ता गर्दा लागेको सम्पूण खर्च त्यस्तो अतिक्रमण गर्ने व्यक्ति वा संस्थावाट असुल उपर गर्न सक्नेछ।

### परिच्छेद - ३

### मापदण्ड, स्वच्छ वातावरण तथा पर्यटकिय हवको रुपमा विकास सम्बन्धी व्यवस्था

**६. मापदण्ड निर्धारण गरिने** : (१) नगरपालिका क्षेत्र भित्र रहेका पुराना ऐतिहासिक मठ मन्दिर तथा अन्य सम्पदाहरुको नयाँ भौतिक संरचना निर्माण तथा मर्मत सम्भारको लागि देहाय बमोजिम व्यवस्थापन गर्न मिल्ने गरी जग्गा उपलब्ध भएको हुनु पर्नेछ।

क) ऐतिहासिक सम्पदाको वरीपरी घेरवार गर्न मिल्ने,

ख) खुल्ला मैदान निर्माण गर्न सकिने गरी प्रयाप्त जग्गा भएको,

ग) ऐतिहासिक सम्पदाहरुको आफ्नै नाममा स्वामित्व भएको,

घ) पुरातत्व वा सम्बन्धित संस्थाको प्राथमिकतामा रही डि.पि.आर समेत तयार भएको हुनु पर्ने,

ङ) ऐतिहासिक सम्पदाको नाममा रहेको चल अचल सम्पत्ति खुलेको हुनु पर्ने,
च) ऐतिहासिक सम्पदाहरुको नाममा रहेको चल अचल सम्पति सार्वजनिक गरेको प्रतिवेदन नगरपालिकामा पेश गरेको हुनु पर्ने ,
छ) धरमशाला लगायत अन्य आवश्यक भौतिक संरचना गर्नको लागि प्रयाप्त जग्गा भएको हुनु पर्ने ।

(२) उपदफा (१) बमोजिम मापदण्डहरु का साथसाथै अन्य आवश्यक मापदण्डहरु आवश्यकताको आधारमा नगरपालिकाले निर्णय गरी तोक्न सक्नेछ।

७. **स्वच्छ वातावरण निर्माण गर्नु पर्ने** : (१) ऐतिहासिक सम्पदाहरुको वरीपरी सम्बन्धित क्षेत्रको माटो परिक्षण गरी विभिन्न खालका फलफुल तथा अन्य बोट विरुवाको बृक्षारोपण गरी हरियाली तथा स्वच्छ वातावरण निर्माण गर्नु पर्नेछ।

(२) ऐतिहासिक मठ मन्दिर, चैत्य , गुम्वा, मस्जिद तथा अन्य सम्पदाहरुको वरीपरी चारैतिर हरियाली वातावरणको लागि अनिवार्य बृक्षारोपण कार्य गर्नु पर्ने र त्यस्तो बृक्षारोपण गर्ने तथा सुरक्षा गर्ने जिम्मेवारी सम्बन्धित समुदायको हुनेछ र त्यसको लागि समुदायले संरक्षण समिति गठन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बृक्षारोपणको लागि आवश्य आर्थिक श्रोतको व्यवस्थापन सम्बन्धित समुदायको प्रस्तावनाको विस्तृत अध्यायनको आधारमा नगरपालिकाले गर्नु पर्नेछ ।

(४) माथि उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित समुदायले ऐतिहासिक सम्पदाहरुको संरक्षण, मर्मत सम्भार तथा नयाँ भौतिक संरचना निर्माणको लागि समुदायले आफैले पनि आर्थिक श्रोत व्यवस्थापन गरी कुनै कार्य गर्न बाधा पुर्‍याएको मानिने छैन ।

८. **पर्यटकिय हवको रुपमा विकास गर्नु पर्ने** : (१) नगरपालिका क्षेत्र भित्र रहेका पुराना ऐतिहासिक मठमन्दिर तथा अन्य सम्पदाहरुलाई नगरपालिकाको आन्तरिक आम्दानीमा उल्लेख्य बृद्धि हुने गरी नयाँ भौतिक संरचना निर्माण, मर्मत सम्भार लगायत अन्य कार्यहरु पर्यटकिय हवको रुपमा विकास हुने गरी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य गर्दा नगरपालिकाले पर्यटन विकासको अवधारणालाई मध्यनजर गरी आवश्यक निर्णय तथा मापदण्डहरु निर्धारण गरी तोक्न सक्नेछ।

## परिच्छेद - ४
## इतिहास लेखन तथा अभिलेख सम्बन्धी व्यवस्था

९. **इतिहास लेखन गर्नु पर्ने** : नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक मठ मन्दिर तथा अन्य सम्पदाहरुको अनिवार्य रुपमा इतिहास लेखन कार्य गर्नु पर्नेछ र त्यस्तो इतिहास एतिहासिक सम्पदाहरुको संरक्षण तथा मर्मत सम्भार र नयाँ भौतिक सँरचना निर्माणका लागि सम्बन्धित समुदायले नगरपालिकामा पेश गर्ने प्रस्तावनाको साथमा अनिवार्य संलग्न राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इतिहास लेखनको लागि आवश्यक ठानेमा नगरपालिकाले सम्बन्धित क्षेत्रको जानकार व्यक्तिलाई इतिहास लेखनमा परामर्शदाताको रुपमा सेवा करारमा लिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम इतिहास लेखन तथा इतिहास विदको सेवा सुविधाको लागि नगरपालिकाले आर्थिक श्रोतको व्यवस्थापन गर्न सक्नेछ।

१०. **अभिलेख राख्नु पर्ने** : (१) सम्बन्धित समुदायले आफ्नो धर्म, परम्परा र संस्कृतिसंग सम्बन्धित ऐतिहासिक सम्पदाहरुको सम्पुर्ण अभिलेख तयार गरी नगरपालिकामा बुझाउनु पर्ने छ।

(२) उपदफा (१) बमोजिम अभिलेख तयार गर्दा त्यस्ता ऐतिहासिक सम्पदाहरुको वारेमा भावी





पुस्ताहरुले सम्पुर्ण जानकारी पाउन सक्ने अवस्थाको मध्य नजर गरी देहाय बमोजिम तिथि, मिति, समय र स्थानको वारेमा स्पष्ट खुल्ने गरी गर्नु पर्ने छ ।
क) ऐतिहासिक सम्पदा निर्माण भएको तिथि र मिति,
ख) ऐतिहासिक सम्पदा निर्माण भएको समय र स्थान,
ग) नयाँ ऐतिहासिक सम्पदा निर्माण गर्दा त्यस्तो कार्य गर्ने आधिकारीक व्यक्ति तथा संघ संस्थाको स्पष्ट नाम र ठेगाना ।

## परिच्छेद - ५
## आर्थिक श्रोतको व्यवस्थापन सम्बन्धी व्यवस्था

११. **श्रोतको व्यवस्था गर्नु पर्ने** : नगरपालिकामा रहेका विभिन्न धर्म, परम्परा र संस्कृति सँग सम्बन्धित एतिहासिक सम्पदाहरुको निर्माण, संरक्षण तथा मर्मत सम्भार, इतिहास लेखन र अभिलेखको लागि आवश्य पर्ने आर्थिक श्रोत प्रत्येक आर्थिक वर्षमा हुने नगरसभावाट पारित हुने गरी नगरपालिकाले श्रोतको व्यवस्था गर्नु पर्नेछ ।

१२. **कोष स्थापना गर्न सक्ने** : (१) नगरपालिकाले एतिहासिक सम्पदाहरुको नयाँ संरचना निर्माण तथा संरक्षण, मर्मत सम्भार लगायत अन्य विकासका कार्यहरु गर्न ऐनको अधिनमा रही कार्यविधि तथा नियमावली निर्माण गरी एक आर्थिक कोष स्थापना गर्न सकिनेछ।

(२) कुनै निश्चित ऐतिहासिक सम्पदाको हकमा सम्बन्धित समुदायले कोष स्थापना गर्न चाहेमा नगरपालिकाको अनुमति लिई त्यस्तो कोष स्थापना गर्न सकिनेछ र प्रचलित कानून बमोजिम लेखा परिक्षण समेत गराउनु पर्नेछ।

१३. **लेखा परिक्षण गर्नु पर्ने** : यस ऐनको दफा ११ बमोजिम स्थापना गरिएका कोषहरुको प्रचलित कानून बमोजिम लेखा परिक्षण गराउनु पर्नेछ।

(२) सम्बन्धित समुदायहरुले आफ्नो धर्म संस्कृति तथा परम्परामा आधारित मठमन्दिर तथा अन्य धार्मिक सम्पदाहरुको नाममा रहेको चल अचल सम्पति प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो सार्वजनिक गरिएको प्रतिवेदन नगरपालिकामा अनिवार्य पेश गर्नु पर्नेछ।

## परिच्छेद - ६
## सजाय तथा पुनरावेदन सम्बन्धी व्यवस्था

१४. **सजाय हुने** : कोही कसैले यस ऐन विपरित कार्य गरे गराएमा दश हजार देखि पच्चिस हजार सम्म आर्थिक सजाय हुनेछ ।

१५. **पुनरावेदन गर्न सक्ने** : यस ऐन बमोजिम कसैलाई भएको सजाय उपर चित्त नबुझेमा दैलेख जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद - ७
## विविध

१६. **निर्देशन दिन सक्ने** : ऐतिहासिक सम्पदाहरुको निर्माण, संरक्षण तथा मर्मत सम्भार लगायत धार्मिक पर्यटन विकासका लागि विभिन्न समयमा नगरपालिकाले सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।


१७. **बार्षिक प्रतिवेदन पेश गर्नु पर्ने** : नगरपालिकामा ऐतिहासिक सम्पदाहरुको विकास तथा प्रगति सम्बन्धी भए गरेका विवरणहरुको वारेमा नगरकार्यपालिकाको एतिहासिक सम्पदा हेर्ने विषयगत समितिको सहयोग लिई नगरपालिकाको नगर उप प्रमुख ले नगरसभामा वार्षिक प्रतिवेन पेश गर्नु पर्नेछ।

१८. **नियम बनाउने अधिकार** : यस ऐनको उद्धेश्य पुरा गर्न नगरकार्यपालिकाले आवश्यक नियम,

निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

१९. **स्वत वदर हुने** : यो ऐन वा यस ऐनमा उल्लेख गरिएका कुनै दफा उपदफाहरु संघ तथा प्रदेश कानूनसँग बाझिएको हदसम्म स्वत बदर भएको मानिनेछ।

२०. **यसै ऐन बमोजिम भएको मानिने** : यो ऐन बन्नु भन्दा पहिल्यै नगरपालिकावाट ऐतिहासिक सम्पदाहरुको सम्बन्धमा भए गरेका सबै कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।



आज्ञाले

तिलक वि.क.

नि.प्रमुख प्रशासकीय अधिकृत

खण्ड ३ (संख्या ३) बैषाख २० गते २०७७ साल